UNITED NATIONS MISSION
IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

## संयुक्त राष्ट्रसंघीय महासचिवको स्वकीय प्रतिनिधि इयान मार्टिनको प्रेस विज्ञप्ति

**माघ १२, २०६३**

म हालसालै तराईमा घटेका मृत्यु, चोटपटक तथा जनधनको क्षतिबाट मर्माहत भएको कुराबाटै थाल्छु । साथै संयुक्त राष्ट्रसंघबाट यी सबै घटनाहरुप्रति व्यक्त गहिरो चिन्ताबारे पनि जानकारी गराउन चाहन्छु । वास्तवमा यो कुराको सम्बोधन गर्नु राष्ट्रिय दायित्व हुन आउँछ । तर म सबै दलहरुलाई हिंसा त्याग्न आग्रह गर्ने र धैर्यता प्रवर्द्धन गर्नेहरुसँगै छु । मेरो कार्यालयको भूमिका संविधान सभाको स्वतन्त्र तथा स्वच्छ प्रकृयालाई सघाउनु रहेको छ । तर तराईमा स्थिति कायमै रहेमा अथवा बढ्दै गएमा हामीले सहमति गरेअनुसारको कार्यतालिकाअनुसार गर्ने सो प्रयासहरु खलबलिन सक्छ । साथै महासचिव बान की मूनले पौष २५ (जनवरी ९) मा सुरक्षा परिषदसमक्ष व्यक्त गरेका शब्दहरु सम्झन चाहन्छु, “यदि नेपाल शान्ति प्रकृयामा परम्परागत ढंगले शान्ति प्रकृयामा र निर्वाचनमा, त्यस्तै संविधान सभाका विचारहरुमा सीमान्तीकृत समूहहरुलाई सार्थक ढंगले समावेश गर्न विफल भएमा राष्ट्रले आफ्ना जनताहरुको तागत तथा परिकल्पनालाई साकार गर्ने महत्वपूर्ण अवसर गुमाउनेछ ।”

माघ ९ (२३ जनवरी) मा संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले नेपालको शान्ति प्रकृयामा सघाउनका लागि परिषद्को प्रस्ताव संख्या १७४० मार्फत् औपचारिक ढंगले तथा सर्वसम्मतिबाट नेपालमा एक आयोगको स्थापना गरेको बारे तपाईंहरुलाई थाहा नै होला । नेपालस्थित संयुक्त राष्ट्रसंघीय आयोग–अन्मिन–लाई लडाकूहरूका हातहतियार तथा सैन्यहरूको अनुगमनका साथै संविधान सभाको निर्वाचनमा सघाउने एवं सोको अनुगमन गर्ने अधिकार प्रदान गरिएको छ । आयोगको अवधि बाह्र महिनाका लागि तोकिएको छ । तर यसको अर्थ अधिकृतहरु आफ्ना निर्धारित कार्यभन्दा बढी समय नबस्ने कुरा प्रष्ट्याउन चाहन्छु । उदाहरणका लागि निर्वाचन अधिकृतहरु निर्वाचन सम्पन्न भइसकेपछि अथवा हतियार तथा सैन्यहरुको अनुगमनको आवश्यकता नभएपछि उनीहरु यहाँ बसिरहने छैनन् । प्रस्तावअनुसार सो अधिकार सरकारको आग्रहबमोजिम समाप्त अथवा विस्तार गर्न सकिन्छ ।

सुरक्षा परिषदको प्रस्तावले मिसनका लागि पूर्ण बजेटको ढोका खुला राखेको छ । यसको स्वीकृतिका चरणहरुका लागि केही साता लाग्न सक्छ । तर हामीले थप अधिकृत नियुक्त गर्नुभन्दा अगाडि तथा आवश्यक बन्दोबस्ती जुटाउनका लागि अन्तिम स्वीकृति पर्खिरहनु पर्दैन । त्यसका लागि हामी उपलब्ध ९३ लाख डलरकै परिचालन गर्नेछौं । बुधबार संचार तथा इन्जिनियरिंग उपकरणहरुसहितका दुईटा ठूला हवाईजहाज  काठमाण्डौ उत्रनुका साथै प्रथम दुई हेलिकप्टर अवतरण गरे भने थप विमान शनिबारसम्म आउने अपेक्षा गरिएको छ ।

यसैबीच माओवादी सैन्य लडाकू तथा तिनका हतियारहरूको दर्ता कार्य माओवादी सैन्य बस्ने मुख्य अस्थायी शिविर स्थल चितवन तथा नवलपरासीमा आरम्भ भइसकेको  छ । सो सम्बन्धमा हाम्रा हतियार अनुगमनकर्ताहरु, अन्तरीम कार्यदल तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका दर्ता टोलीहरुबीच राम्रो सहयोग रहिआएको छ । विशेषगरी माओवादी सैन्य कमाण्डरहरुको पनि सहयोग प्राप्त भएको छ । आजसम्ममा हामी दुवै स्थलका साथै सम्बन्धित स्याटलाइट स्थलहरुका सबै लडाकूहरु दर्ता गरिसक्ने आशा गर्दछौं । हतियारहरुको कसरी अभिलेख राखिँदैछ भन्ने प्राविधिक कारणले तिनको दर्ता केही बेर रोकिएको थियो । हामीलाई सो कुरा अगावै निराकरण भइसकेको लागेको थियो । तर सोको अन्तिम छिनोफानो आज बिहान मात्र अध्यक्ष प्रचण्ड, डा. भट्टराई तथा कमाण्डर पासाङ्गसँग मेरो तथा जनरल विल्हेल्मसनको भेटघाटपछि भयो । त्यसपछि त्यस सवालसम्बन्धी प्रस्ताव बुझिएको छ भनी यकीन गर्न जनरल विल्हेल्मसन तथा कमाण्डर पासाङ्ग हेलिकप्टरबाट दुवै अस्थायी शिविर स्थलहरुमा जानु भयो र मलाई यो कुरा बताउन पाउँदा खुसी लागेको छ कि जनरल विल्हेल्मसनले खबर गर्नुभए अनुसार हतियार दर्ता गर्ने काम भर्खरै पुनः प्रारम्भ भइसकेको छ ।

हामीले केही समय गुमाए पनि टोलीहरुले पनि अनुभव बटुल्दै छन् र उनीहरुले आइतबारसम्ममा उपरोक्त दुवै स्थलमा दर्ता प्रकृया सम्पन्न गरी पश्चिमका तीन अस्थायी शिविरहरुः रोल्पा, सुर्खेत तथा कैलालीतर्फ लाग्ने आशा गर्दछौं । अन्त्यमा उनीहरु पूर्वका दुई स्थलहरु, सिन्धुली एवं झापातर्फ अग्रसर हुनेछन् । यी स्थलहरुमा दर्ता कार्य द्रुतगतिले अगाडि बढ्नु पर्ने हो तर अहिले नै हतियार भण्डारणको काम कहिलेसम्म सम्पन्न हुने हो भन्ने कुरा म अड्कल गर्न सक्दिनँः सो कुरा अब संयुक्त राष्ट्रसंघमाथि भर नपरी हाम्रा टोलीहरुमा संलग्न अधिकृतहरुको प्रस्तुतिमाथि भर पर्दछ ।

मैले पछिल्लो प्रेस सम्मेलनमा उल्लेख गरेअनुसार योचाहिँ हतियार तथा लडाकूहरु दर्ता गर्ने पहिलो चरण मात्र हो । हरेक लडाकूसँग सम्बन्धित थप विस्तृत जानकारी दोस्रो चरणमा संकलन गरिनेछ जसले गर्दा प्रथम चरणमा प्रदान गरिएको सूचना प्रमाणीकरण गर्न सघाउने छ । प्रथम चरण सम्पन्न भएलगत्तै हामी सीधै दोस्रो चरणमा प्रवेश गर्नेछौं ।

हाल नेपालमा ४० जना राष्ट्रसंघीय हतियार अनुगमनकर्ताहरू कार्यरत छन् । ती सबै तालिमप्राप्त छन् र अनुगमन प्रक्रिया अघि बढाउनका लागि आ-आफ्ना क्षेत्र अथवा प्रधान कार्यालयमा परिचालित छन् । संयुक्त राष्ट्रसंघीय अनुगमनकर्ताहरूको पूर्ण संख्या १८६ नपुगेसम्म तिनको निरन्तर वृद्धि भइरहनेछ । हाल अनुगमनकर्ताहरू क्यानाडा, फिनल्याण्ड, ग्वाटेमाला, जोर्डन, इण्डोनेसिया, नाइजेरिया, नर्वे, रुस, स्लोभाकिया, स्वीट्जरल्याण्ड, टर्की तथा येमनबाट आएका छन् । सोका लागि हामीलाई अधिकृत तथा अन्य सहयोगहरु प्रदान गर्ने अथवा थप अधिकृत नियुक्त गर्ने बेलामा सो प्रदान गर्न इच्छुक रहेका सदस्य राष्ट्रहरुप्रति आभारी छौं ।

वास्तवमा अन्मिनले राष्ट्रिय निर्वाचन आयोगलाई आफ्ना कार्यहरू सम्पन्न गर्न, निर्वाचनको कानूनी व्यवस्थापन, मतदाता शिक्षा र मतदाता नामावली अद्यावधि गर्ने सम्बन्धमा प्राविधिक सल्लाह तथा सहयोग प्रदान गर्ने काम जारी राखेको छ । हामीसँग नेपालमा अहिले ६ जना निर्वाचन सल्लाहकारहरु छन् । नयाँ सल्लाहकारहरु भने नियमित थपिँदै छन् । केही चाहिँ भोलि नै आउँदै छन् । यसै साता प्रमुख निर्वाचन आयुक्तले मेरा वरिष्ठ निर्वाचन सल्लाहकार र मलाई मतदाता नामावली अद्यावधिसम्बन्धी प्रक्रिया निरीक्षण गर्न काठमाडौँनजिकका स्थानहरूमा हार्दिक आमन्त्रित गरेका थिए र हामी छोटै समयमा भएका तयारीहरु देखी प्रभावित भएका छौं ।